

# १२ आस्था अर्थात् विश्वासको करार

*यस अध्यायका मूल पदहरू:* गलाती ६:१४, रोमी ६:२३, १ यूहन्ना ५:११,१३, रोमी ४:१-७, लेबी ७:१८, लेबी १७:१-४ र रोमी ५:१।

**_यस अध्यायको मूल सार पद:_ "परमेश्वरको दृष्टिमा व्यवस्थाबाट कोही मानिस धर्मी ठहरिँदैन भन्ने कुरा प्रत्यक्ष छ। किनभने "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ" (गलाती ३:११)।**

येशूको जन्मको सातौं शताब्दी पहिले ग्रिसमा एक प्रख्यात पौराणिक लेखक होमर थिए। उनले प्रख्यात दुई पौराणिक काल्पनिक कथाहरू लेखेका थिए। तिनीहरूमा *ओडस्सी र इलियाद* हुन्। ओडस्सी एक महान् योद्धा थियो जसले ट्रवाय सहरलाई ट्रोजन युद्धमा कब्जा गरेको थियो। यो सहर आधुनिक टर्कीमा थियो। त्यस सहर कब्जा गरेपछि आफ्नो पुर्खौली घर इथाका जुन ग्रिकमा थियो फर्कने प्रयासको क्रममा दश वर्ष यात्रा गरेको थियो। त्यो यात्रा धेरै लामो, चुनौतिपूर्ण र कठिन थियो। उसको लक्ष्यमा पुग्नुभन्दा अघि उसले अनेकौं जोखिमहरूको सामना गर्नुपरेको थियो। तिनीहरूमा जहाजको दुर्घट्ना, सैनिक विद्रोह, आँधि र हुरीबतास, राक्षस तथा असाधारण अजिबहरू र अनेकौं वाधाहरू थिए। आखिरमा ओडस्सीले धेरै दुःखकष्ट पाएकोले उसले पाउनुपर्ने दुःख पुग्यो भनेर देवीदेवताहरूले त्यस थकित योद्धा वा वीर सैनिकलाई आफ्नो घर र परिवारकहाँ फर्काउन मञ्जुर गरे। उसले गरेका भूल र अपराधहरूको प्रायश्चित उसले भोगेका दुःखकष्टले नै पुग्यो भनेर ती देवीदेवताहरूले मञ्जुर गरेका थिए।

केही हदमा भनौं भने हामी पनि ओडिसस् जस्तै छौं। हामी हाम्रो जानुपर्ने स्वर्गको घरमा जान लामो यात्रा गरिरहेकाछौं। तर ओडसिस र हामीमा महत्त्वपूर्ण वा निर्णायक भिन्नता छ। हामी परमेश्वरले जुटाइराख्नुभएको घरमा पुग्न हाम्रो कुनै पनि दुःखकष्टले पुऱ्याउँदैन। हामीले पाएको कष्ट पुग्यो

भनेर त्यस दुःखको कमाइले स्वर्गको घरमा हामी पुग्न सक्दैनौं। स्वर्ग र पृथ्वी बीचको दुरी वा खाल्दो धेरै महान् छ जसले गर्दा हाम्रो पाप, अधर्म र गल्तीको लागि कुनै पनि प्रायश्चितको कामले पूर्न सक्दैन वा स्वर्गमा पुऱ्याउँदैन। यदि हामी घरमा पुग्यौं भने केवल परमेश्वरको अनुग्रहलेमात्र पुग्न सक्छौं।

<u>**यस अध्यायको झलकः**</u> *मुक्ति किन उपहार हुनै पर्छ? किन परमेश्वरको बराबरीमा जो हुनुहुन्छ उहाँलेमात्र हाम्रो मुक्तिको निम्ति जमानत हुनसक्छ वा मुक्तिको मोल तिर्न सक्छ? विश्वास तथा आस्थाको प्रतिनिधित्व गर्ने अब्राहम किन असल उदाहरण बन्न पुगेका थिए? हामीलाई धार्मिकता "खनिएको" वा "हाम्रो पक्षमा पारिएको" भन्नुको अर्थ के हो? क्रुसद्वारा उपलब्ध भएका प्रतिज्ञाहरू र आशालाई हाम्रो आफ्नै भने कसरी दावी गर्न सक्छौं?*

## १. कल्भरीको बारेमा पुनर्विचार वा समिक्षा

वास्तविकमा हेर्ने हो भने पुरानो करारमा मोशाको करारको मुनि प्राप्त हुने मुक्तिको बाटो पनि नयाँ करारको मुनि प्राप्त हुने मुक्तिको बाटोभन्दा फरक थिएन। येशूभन्दा अघि लेखिएको पुरानो धर्मशास्त्रमा होस् वा येशूपछि लेखिएको नयाँ धर्मशास्त्रमा होस्, वा पुरानो करारमा होस् वा नयाँ करारमा होस् मुक्ति भनेको केवल विश्वासकै आधारमामात्र उपलब्ध भएका थिए र छ पनि। यदि धर्मकर्म वा कामक्रियाबाट मुक्ति पाउने भए मुक्ति हामीप्रति ऋणी हुने थियो वा सृष्टिकर्ताले हामीलाई दिन वाध्य हुनपरेको हुन्थ्यो। पापको गम्भिरतालाई नबुझ्नेलेमात्र हामीलाई उद्धार गर्न परमेश्वरको दायित्व हो वा उहाँ हामीलाई मुक्ति दिन बन्धनमा हुनुहुन्छ भनेर ठानेको हुन्छ। तर त्यसको बिपरित त्यहाँ कुनै दायित्व छ भने त्यो दायित्व हामीमाथि नै छ किनभने हामीले परमेश्वरको व्यवस्थालाई उलङ्घन गरेका थियौं। तर पाप गर्दा हामीमा परेको भारको दायित्व वा ऋण हामी आफैले कुनै पनि हालतमा पूरा गर्न सक्दैनौं वा तिर्न सक्दैनौं। तर भाग्यवस येशूले त्यो दायित्व ग्रहण गर्नुभयो वा हाम्रो पापको ऋण तिरी दिनुभयो।

"मानिसको बदलीमा स्वर्गको राजा मर्नुभएर उहाँको महान् त्यागको महानता पुरुष र स्त्रीले पूरा बुझ्न सकिएपछिमात्र मुक्तिको योजनाको गरिमाको ठूलो महत्त्व हुन जान्छ। जब येशूभक्तले कलभरीको समिक्षा वा त्यहाँ येशूले सहनुभएको कष्टको बारेमा पुनर्विचार गर्न सक्छ तब उसको हृदयमा कोमल, पवित्रता र जीवित भावनाहरू जाग्नसक्छ। परमेश्वरप्रति र थुमाप्रतिको प्रशंसा

तिनीहरूका हृदयहरूमा र ओठहरूमा गुञ्जिरहनेछ। कलभरीमा भएका दृश्यहरूलाई दिमागमा ताजा राख्न सके अहंकार, घमण्ड र स्वार्थलाई अघि सार्ने प्रवृत्ति कसैको दिमागमा फुलाइ राख्न सक्दैन। यस संसारको कुनै पनि धन नाश हुन लागेको मानिसको निम्ति उद्धार गर्न पर्याप्त छैन। जब येशू क्रुसमा झुण्डिनुभयो तब पापी संसारको निम्ति ख्रीष्टले देखाउनुभएको प्रेमलाई कसले नाप्न सक्छ र? पापको दोषले ग्रष्ट भएको मानिसका पापहरूको निम्ति उहाँले ठूलो कष्ट पाइरहनुभएको थियो। यो प्रेम नाप्न नसक्ने, अनन्त, असिम र सार्‍है ठूलो छ।

"मृत्युभन्दा उहाँको प्रेम बलियो छ भनेर येशू ख्रीष्टले देखाउनुभएको थियो। मानिसको मुक्तिको निम्ति उहाँले आफ्नो काम सम्पन्न गरिरहनुभएको थियो। अन्धकारको शक्तिसँग उहाँको संघर्ष घनघोर भएतापनि त्यस संघर्षको बीचमा उहाँको प्रेम बढ्दै बढ्दै बलियो हुँदै गएको थियो। उहाँको पिताको अनुहार लुकिएको उहाँले सहनुभयो। त्यो उहाँलाई यस्तो असह्य भएको थियो कि भित्री आत्मादेखि नै उहाँले यो चित्कार गर्नुभयोः 'मेरा परमेश्वर, मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो?' उहाँको हातले हाम्रो निम्ति मुक्ति उपलब्ध गराउनुभयो। मानिसको मुक्तिको निम्ति मोल तिरेर किन्नुभएको थियो। जब येशूले आफ्नो प्राण त्यागको महान् संघर्ष गर्दै हुनुहुन्थ्यो तब उहाँको मुखारबाट निस्केका आशिषमय वचनहरू सारा सृष्टिमा गुञ्जिएको थियोः 'अब सिद्धियो।'

"कलभरीका दृश्यहरूले गहिरोभन्दा गहिरो भावनाहरूको माग गर्दछ। यदि यस विषयमा तपाईं उत्साह र जागृत हुनुभयो भने तपाईं क्षमा योग्यको हुनुहुनेछ। अति उच्च महामहिम, निर्दोष येशू संसारका पापका भारहरूको बोझ बोक्नुभएर पीडादायी मृत्यु सहनु उहाँ वाध्य हुनुभएको कुरा हामीहरूको सोच र कल्पनाले कहिल्यै पनि पूरासँग बुझ्न सक्नेछैनौं। त्यस्तो अचम्मको प्रेमको लम्बाई, चौडाई, उच्चाई र गहिराईलाई हामीले कहिल्यै पनि थाहा पाउन सक्दैनौं। कसैसँग दाँज्न नसकिने मुक्तिदाताको प्रेमको गहिराईको बारेमा ध्यान गरिरहने बानि हाम्रो दिमागमा रहिरहनुपर्दछ, हामीहरूको प्राणलाई त्यसले छुनुपर्छ र पगाल्नुपर्दछ, हामीहरूको स्नेहलाई परिशुद्ध पार्नुपर्छ र उचाल्नुपर्द छ र हाम्रो सबै चरित्रलाई नै पूरै परिवर्तन गर्नुपर्दछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. २१२,२१३बाट रूपान्तरित।

**एलेन जी ह्वाइटले माथि व्यक्त गर्नुभएको भावनाहरूलाई दिलोज्यान दिएर प्रार्थना गर्नुहोस्। ती भावनाहरूलाई दिमागमा राखेर गलाती ६:१४**

**पढ्नुहोस् र तपाईंले आफूलाई नै सोध्नुहोस्, कुन तरिकाहरूद्वारा मैले ख्रीष्टको क्रुसको महिमालाई उचाल्न सकुँ? हेर्नुहोस्, "हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि, र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ।"**

## २. करार र बलि

**"१८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्ट्याइएका होइनौ, १९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्ट्याइएका छौ। २० उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो। २१ उहाँद्वारा परमेश्वरमाथि तिमीहरूको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरूको विश्वास र आशा परमेश्वरमा रहोस्" (१ पत्रुस १:१८-२१)।**

**अनमोल रगतद्वारा दाम तिरि हामीलाई छुटाएको हो भनेर पत्रुसले भनेको अर्थ के हो?**

हाम्रो निम्ति हाम्रो पापलाई चोख्याउन ख्रीष्टको मृत्युलाई पत्रुसले फिरौती तिरेको वा बन्दकलाई मुक्त गर्न मोल तिरेको भनेर आफ्नो धारणा राख्दछ। पौराणिक कालमा कुनै पनि दासलाई मुक्त गर्नु परे त्यसको मोल प्रायजसो आफन्तले तिरी दिन्थ्यो। पैसा तिरेपछि मालिकबाट दास स्वतन्त्र हुन्थ्यो। यही धारणालाई पत्रुसले मनमा राखेका थिए जब उनले उक्त पद लेखे। त्यसको बिपरित येशूले हामीलाई कुनै मानिसको दासत्वबाट होइन तर पाप र त्यसको अन्तिम नतिजा जुन अनन्त मृत्यु हो, तिनीहरूबाट हामीलाई स्वतन्त्र गर्नुभएको थियो। उहाँले तिर्नुभएको मोल कुनै पनि पैसाले होइन तर आफ्नै "अमूल्य रगत" थियो। उहाँ हाम्रो बदलीमा र स्वइच्छाले कलभरीमा मर्नुभएको थियो। फेरि यो पनि, सबै करारहरूको जग थियो: यो बिना करार बेकारको र अर्थहिन हुन्थ्यो। उहाँलाई विश्वास गर्ने वा उहाँमाथि आस्था राखेर उहाँको बाटोमा हिँड्नेलाई उहाँले दिनुहुने अनन्त जीवनको उपहारको कारोबारमा येशूको मृत्युबिना पूरा हुने थिएन वा चल्ने थिएन।

**देहायका पदहरू पढ्नुहोस्। तिनीहरू सबैमा केही साझा सन्देश छ? हेर्नुहोस्, रोमी ६:२२,२३ "२२ तर अब तिमीहरू पापबाट मुक्त भई परमेश्वरका सेवकहरू भएका छौ, अनि तिमीहरूले पाउने प्रतिफलचाहिँ**

**पवित्रकरण हो, र त्यसको अन्त्यचाहिँ, अनन्त जीवन। २३ किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो" (रूपान्तरित), १ यूहन्ना ५:१०-१३ "१० जसले परमेश्वरका पुत्रमा विश्वास गर्छ, त्यसको हृदयमा यस कुराको गवाही हुन्छ। परमेश्वरमा विश्वास नगर्नेले उहाँलाई झूटा तुल्याएको हुन्छ। किनकि परमेश्वरले आफ्ना पुत्रको विषयमा दिनुभएको गवाहीमा त्यसले विश्वास गरेको हुँदैन। ११ गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ। १२ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन। १३ तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु।"**

हामीसँग अब अनन्त जीवनको प्रतिज्ञा छ किनभने परमेश्वरको व्यवस्थाको मर्यादालाई उल्लङ्घन गरिएर हामीले भत्काएको अनन्त जीवन उहाँलेमात्र मर्मत गर्न सक्नुहुन्छ। कसरी त? किनभने सृष्टिकर्ताको मात्रै धार्मिकता र अनन्तको मूल्यमान्यतालेमात्र हामीले व्यवस्थालाई उल्लङ्घन गरेको ऋण तिर्न सक्छौं। पापले गर्दा परमेश्वरको अबहेलना गर्नु कतिको गम्भिर रहेछ भनेर त्यसले देखाउँदछ। नत्रभने परमेश्वरको नैतिक व्यवस्था वा दश आज्ञाको गम्भिरतालाई मेट्न कुनै मरणशील, अस्थाई र सृष्टि गरिएको व्यक्तिले त्यस आज्ञाको मर्यादालाई उल्लङ्घन गरेको दण्ड तिर्न सक्छ भने त्यस नैतिक व्यवस्थाको अर्थ नै के रह्यो र? बाइबल धर्मशास्त्रले यो दावी गर्दछ कि कोही व्यक्ति जो परमेश्वरकोमात्र बराबरीमा जसको जीवनको अस्तित्व कसैबाट नलिएको र नआएको र अनन्त छ उनलेमात्र परमेश्वरको नैतिक व्यवस्था वा दश आज्ञालाई हामीले उल्लङ्घन गर्दा हामीले तिर्नुपर्ने ऋण तिर्नुभएर हामीलाई पापबाट मुक्त गर्न गर्न सक्छ। करारमा दिएका प्रतिज्ञाहरू यसरी नै पूरा हुन्छ; यसैबाट नै अनन्त जीवनको प्रतिज्ञा हामीमा छ त्यो पनि अहिले नै; यसरी नै हाम्रो पाप र मृत्युको ऋणलाई येशूको रगतबाट फिरौती तिर्नुभएर हामीलाई पाप र अनन्त मृत्युबाट मुक्त गर्नुभएको छ।

**यो सोच्नुहोस् कुनै बालकले चित्रकला म्युजियममा राम्ब्रान्ड जस्ताको करौंडौको मूल्य पर्ने चित्रलाई मसीले भरिएको बलुन फ्याँकेर त्यसलाई नराम्रोसँग बिगारी दियो रे। बाबुआमाले आफूहरूसँग भएका सबै श्रीसम्पत्ति बेचे पनि तिनीहरूले त्यस चित्रको मोल तिर्न सक्दैनथे। यस चित्रणमा तपाईंले के बुझ्न सक्नुहुन्छ जुन पापले गर्दा गम्भिर नोक्सान ल्याएको थियो र त्यसलाई मर्मत**

**गर्न हामी कतिको निरिह वा असहाय छौं र किन परमेश्वर आफैलेमात्र हाम्रो पापको ऋण तिर्न सक्नुहुन्छ?**

## ३. अब्राहमको विश्वासः भाग १

**"उनले (अब्राहमले) परमेश्वरको वचनमा विश्वास गरे; र त्यो नै उनको निम्ति धार्मिकतामा गनियो" (उत्पत्ति १५:६ रूपान्तरित)।**

बाइबलमा भएका सबै कथनहरूमा यो एउटा अत्यन्तै उल्लेखनीय भएको पाइन्छ। यसमा बाइबलीय धर्मको निर्णायत्मक सत्यलाई स्थापना गर्न सहयोग गर्दछ। धार्मिकता वा निर्दोष साबित हुने प्रक्रिया केवल विश्वासबाटमात्र हुन्छ भनेर यसले स्पष्टरूपमा दावी गरेको छ। यो पनि पावलले रोमीहरूलाई यसबारे लेखेकाभन्दा शताब्दीयौं पहिले लेखिएको थियो। अदनको बगैंचादेखि अहिले र पछिसम्म मुक्ति भनेको विश्वासबाटमात्र पाइन्छ भनेर उपर्युक्त कथनले प्रमाणित गर्दछ।

अब्राहमको विश्वास कति महान् थियो भनेर थाहा पाउन कुन सन्दर्भमा त्यो व्यक्त गरिएको थियो सो थाहा पाए पुग्छ। आफ्नो वृद्धावस्था र श्रीमतीको गर्भवती हुने समय धेरै वर्ष नाघिसकेको अवस्थामा परमेश्वरले उनलाई पुत्र दिन्छु भन्ने प्रतिज्ञालाई मानवीय हिसाबमा असम्भव भएतापनि उनले उक्त प्रतिज्ञामा विश्वास गरेका थिए। यो यस्तो खालको विश्वास वा आस्था हो जुन आफूले केही गर्न नसकिने अवस्थामा हुन्छ भनेर महसुस गर्न सक्नु नै आफूलाई पूरै त्यस बचनमा समर्पित हुन माग गरिएको थियो। यस्तो खालको विश्वासमा परमेश्वरमा पूरै भरोसा राख्न आवश्यकता भएको हुन्छ र यस खालको विश्वासको नतिजाले परमेश्वरको आज्ञाकारी हुन सिकाउँछ। यो नै अब्रामको विश्वास थियो जसले गर्दा उनी धार्मिकतामा वा धर्मीमा गनिन पुगियो।

**अब्राहम धार्मिकतामा गनिए वा धार्मिकता उनमाथि भयो भनेको अर्थ के हो? के परमेश्वरको धार्मिकता जस्तै अब्राम आफै धर्मी थिए त? उनी धर्मी ठहरिएको केही समयपछि उनले के गरे जसले गर्दा उनी धर्मीमा गन्न पुगे जुन उनको खास आफ्नै धार्मिकता आर्जन गरेर धर्मी भएका थिएनन्?**

परमेश्वरमाथि आस्था, भरोसा, विश्वास राखेर र उहाँका वचन पालन गरेर अब्राहम जिएतापनि उनको जीवन सिद्ध विश्वास र सिद्ध आज्ञाकारी थिएन। समय समयमा उनले दुवै पक्षहरूमा कमजोर भएको उनले देखाएका थिए। (यस खालको मामिलामा लागेको तपाईंले कोही चिन्नुभएको छ?)। यी

सबै कुराहरूले एउटा निर्णायक विषयलाई औँल्याउँछ, त्यो होः जुन धार्मिकताले हामीलाई मुक्ति दिन्छ त्यो धार्मिकता हामीलाई सुम्पिएको छ। यो धार्मिकता धार्मिक दर्शनको अनुसार हाम्रो सबै दोषहरू हटाएर निर्दोष ठहऱ्याइको भन्ने अर्थ लाग्छ। त्यसको वास्तविक अर्थ यो हो कि हामी कमिकमजोरी र दोषहरूले भरिएतापनि परमेश्वरको नजरमा हामी धर्मी भनेर घोषणा गरिनु हो। हामी धर्मी नभएतापनि स्वर्गको परमेश्वरले हामी धर्मी ठहरिएको हेर्नुभएको हो। यही काम परमेश्वरले अब्रामलाई गर्नुभयो र यही काम उहाँले सबैलाई गर्नुहुनेछ जो उहाँमा अब्राहामको विश्वास आफूमा रहेर आउँदछ (रोमी ४:१६)।

**रोमी ४:१-७ हेर्नुहोस् जुन पावलले उत्पत्ति १५:६को सन्दर्भमा प्रयोग गरिएका थिए। तपाईंले आफ्नै शब्दहरूमा ती भनाईहरूलाई उतार्नुहोस् र तिनीहरूले तपाईंलाई के भनिरहेको छ के तपाईंले विश्वास गर्नुभएको छ? हेर्नुहोस्, "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न" (रोमी ४:१-८)।**

## ४. अब्राहमको विश्वासः भाग २

उत्पत्ति १५:६लाई हामीले विभिन्न भाषाको अनुवादहरूमा हेर्न सक्छौं। "गनियो" भन्ने शब्द हिब्रू भाषामा च्यासब chasab हो। त्यसको अर्थ धार्मिकता उसमा जम्मा गरियो, उसको हिसाबमा राखियो वा उसमा सारियो भन्ने बुझाउँछ।

मोशाले लेखेका अरू किताबहरूमा पनि त्यही शब्द प्रयोग गरिएको छ। जो वस्तु वा मानिस थिएन तर त्यो भयो भनेर मानिनु वा ठहऱ्याउनु भन्न बुझाउन त्यो शब्द प्रयोग गरिएको पाउँछौं। उदारणमा उत्पत्ति ३१:१५मा

राहेल र लियाहले आफूहरूलाई तिनीहरूका बाबुले अपरिचित ठानेका वा अपरिचितमा गनिएका वा मानेका महसुस गरिएका थिए। तिनीहरू उनका छोरीहरू नै थिए। लेबीहरूलाई दिइने दशाँश मकै नै नभएपनि खलाको अन्न भनेर मानिएको थियो (गन्ती १८:२७,३०)।

**बलिको सन्दर्भमा गनिएको, मान्नु वा लेखा राखिएको वा ठानिनु भनेर देहायका पदहरूले कसरी व्यक्त गर्दछ? हेर्नुहोस्, लेबी ७:१८ "मेलबलिको मासुबाट पर्सिपल्ट कसैले खायो भने त्यो मासु ग्रहणयोग्य हुनेछैन, न त त्यो चढ़ाउनेको निम्ति चढ़ाइएको गनिनेछ, तर त्यो अशुद्ध ठहरिनेछ, र त्यो खाने व्यक्ति आफू दोषी बन्नेछ।" र लेबी १७:१-४ "१ परमप्रभुले मोशालाई भन्नुभयो, २ "हारून, त्यसका छोराहरू र सबै इस्राएलीहरूलाई भन्: 'परमप्रभुले आज्ञा गर्नुभएको यही होः ३ इस्राएलीहरूमा जसले छाउनीभित्र वा बाहिर साँढ़े, भेड़ाका बच्चा कि बाख्रा जे मार्ला, ४ र भेट हुने पालको ढोकामा परमप्रभुका पवित्र वासस्थानको सामुन्ने बलि चढ़ाउनलाई ल्याउँदैन, त्यस मानिसलाई रगतको दोष लागोस्। त्यसले रगत बगाएको छ। त्यो आफ्ना मानिसहरूबाट बहिष्कृत होस्।"**

किङ्ग जेम्स अनुवादमा इम्प्युटेड imputed भनेर हिब्रू भाषाको च्यासब chasab **लाई अनुवाद गरिएको छ**। त्यसको अर्थ "दोष लाग्नेछ" हो। यदि कुनै बलि ("शान्तिको भेटी") तीन दिनभित्र खाइएनभने त्यसको मान्यता हराउँथ्यो र भेटी चढाउनेलाई त्यसको फाइदा नभएको गनिन्थ्यो (लेबी ७:१८ वा दोष लाग्ने हिब्रू भाषाको च्यासब)। हिब्रू ७:१८मा बलिभेटी पापीको निम्ति ग्रहण योग्य भएको वा उसको फाइदाको निम्ति गनिएको भन्ने देखाउँछ (लेबी १७:१-४सँग तुलना गर्नुहोस्)। यस खालको व्यक्ति परमेश्वरको सामु धर्मी भएर खडा भएको देखाइएको थियो। वास्तविकमा त्यो व्यक्ति अधर्मी नै थियो।

**हामी जतिसुकै पापी भएपनि, हामीमा जतिसुकै कमीकमजोरी भएतापनि हामीले जतिसुकै गल्ती गरेतापनि, हामीमा जतिसुकै दोष भएतापनि हामी परमेश्वरको सामु धर्मी ठहरिन सक्छौं, धर्मात्मामा गनिन सक्छौं वा हाम्रो हिसाबमा धर्मी हुनसक्छौं भन्ने अचम्मको आत्मज्ञानलाई केही समय ध्यान गरेर बिताउनुहोऊस्। यसको अर्थ के हो तपाईंले आफ्नै शब्दहरूमा लेख्नुहोस्।**

हामीले कुनै असल काम वा धर्मकर्मले होइन तर येशू ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो त्यसमा विश्वासगर्दा हामी धर्मी ठहरिन्छौं भनेर घोषणा गरिने महान् सत्य नै "विश्वासद्वारा धार्मिकता" वाक्यको मूख्य अर्थ हो। तर विश्वास

आफैले हामीलाई धर्मी ठहऱ्याउने होइन तर विश्वास त्यो साधन हो जसबाट हामी धार्मिकताको उपहार पाउँदछौं। इसाई दर्शनको सौन्दर्यता, रहस्य र महिमाको सार नै यो हो। हामी इसाई भएर येशूका अनुयायी भएको हैशियतले जे विश्वास गर्छौं त्यो सबैको महत्त्वपूर्ण जग नै यस अचम्मको धारणामा गाडिएको छ। विश्वासद्वारा परमेश्वरको नजरमा हामी धर्मी ठानिएको हुन्छौं। सबै कदमहरू जुन हामी चालिन्छौं अर्थात् आज्ञापालन, पवित्रता, शुद्धता, चरित्र निर्माण, प्रेम आदि त्यही निर्णायक सत्यबाट उब्रिएको हुनुपर्दछ।

**"म धर्मी ठहरिएको अनुभव गर्न सकेको छैन" भनेर कसैले तपाईंलाई सोध्छ र इसाई हुन चाहन्छ भने तपाईंले त्यसलाई कसरी जवाफ दिने?**

## ५. प्रतिज्ञाहरूमा बिश्राम वा भरोसा

एउटा प्रख्यात क्याथोलिक चर्चमा उच्च ओहोदाको कार्डिनल बेलार्मिनको बारेमा कथा छ। उनी रोमन क्याथोलिक धर्मको ठूलो पक्षपाती थिए तर उनको जीवनभरिनै धार्मिकतामात्र राखिएर वा सारिएर मानिसलाई निर्दोष ठहऱ्याइको भन्ने सन्देशप्रति घोर संघर्ष गरेका थिए। जब उनी मृत्युशैयामा थिए उनको अगाडि क्रुसको प्रतिमा ल्याइएको थियो र सन्तहरूको धार्मिकतामा आस्था राखेर मरेपछि मुक्ति पाउनुमा विश्वस्त हुन उनका सहयोगी धर्मगुरु अर्थात् फादरहरूले उनलाई अनुरोध गरे। बेलार्माइनले भने, "यी सबै थोक मबाट हटाउनुहोस्। येशूले गर्नुभएको सबै धार्मिक कामहरूमा नै भरोसा राख्नु मेरो लागि सुरक्षित छ भनेर म ठान्दछु।"

कतिपय मानिसहरू आफू मर्ने बेलामा आफ्नो जीवनलाई पछाडि फर्केर हेर्दछ र पवित्र परमेश्वरबाट पाउने मुक्तिको निम्ति आफूले गरेका सबै काम, धर्मकर्मबाट आदिबाट आर्जन गर्न खोज्नु कस्तो बेकारको रहेछ भनेर महसुस गर्न पुगेका हुन्छन् र तिनीहरूलाई येशूको धार्मिकताको आवश्यकता कतिको रहेछ भनेर पनि महसुस गर्दछन्।

तर हाम्रो निम्ति खुशीको खबर त यो छ कि अहिले नै परमेश्वरबाट सुरक्षित भएको अनुभव गर्न हामी मृत्युसम्म आउन पर्खिनुपर्दैन। सबै करार नै अहिले नै परमेश्वरका प्रतिज्ञाहरूमा सुरक्षित भएको आधार मान्नुपर्दछ। ती प्रतिज्ञाहरू भोलिका निम्ति नभएर अहिले नै हाम्रो निम्ति हो। यदि तिनीहरूलाई आत्मसात् गर्न सकेको भए हाम्रो बर्तमान जीवन अर्थमूलक र अझ उपयोगी हुन सकिन्छ।

देहायका पदहरू हेर्नुहोस्। ती पदहरू पछि सोधिएका प्रश्नहरूलाई ध्यान दिनुहोस्। परमेश्वरसँगको तपाईंको करारको सम्बन्धलाई मजबुत पारिराख्न, दिनदिनै बढ्दै जान र ती करारलाई राखिराख्ने सन्दर्भमा प्रत्येक प्रश्नको जवाफ दिनुहोस्ः भजन ३४:८ (तपाईंले परमेश्वरको भलाईको स्वाद कसरी पाउनुहुन्छ?) "परमप्रभुलाई पारख गरेर हेर, कि उहाँ कति भला हुनुहुन्छ। उहाँमा शरण लिने मानिस धन्यको हो।", मत्ती ११:३० (येशू ख्रीष्टले हाम्रो लागि के गर्नुभयो जसले गर्दा जुआ हलुको हुन जान्छ?) "२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। ३० किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ" (मत्ती ११:२८-३०), रोमी ५:१ (शान्ति हुनुसँग निर्दोष ठहरिनुको भूमिका के छ?) "१ यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। २ उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं। यस अनुग्रहमा हामी खड़ा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं। ३ यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, ४ सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ। ५ आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ" (रोमी ५:१-५) र फिलिप्पी २:७,८ ( येशू ख्रीष्टको अनुभवले तपाईंले के फाइदा पाउनुभयो?) "७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।"

प्रार्थना पूर्वक तपाईंले आफ्नो जीवनको लेखाजोखाको समिक्षा गर्नुहोस् र आफैलाई सोध्नुहोस्, मैले अहिले के गरिरहेको छु जसले गर्दा मेरो सम्बन्ध परमेश्वरसँग मजबुत भइरहेको छ, र केले बाधा वा नोक्सान पुऱ्याइरहेको छ? त्यसलाई परवर्तन गर्न मैले के गर्नुपर्छ?

**उपसंहारः**

"पापी मानिस धर्मी भएको अवस्थामा पुग्न केवल विश्‍वासबाटमात्र सम्भव छ। विश्‍वासैद्वारा उसले ख्रीष्टका धार्मिक कार्यहरूलाई परमेश्‍वरको सामु ल्याउन सक्छ, अनि पापीको लेखामा परमेश्‍वरले उहाँका पुत्रको आज्ञाकारिता लेख्नुहुन्छ। मानिसको असफलता, कमिकमजोरीको बदलीमा ख्रीष्टको धार्मिकतालाई स्थानान्तरण गरिएको हुन्छ। परमेश्‍वरले त्यस पापीलाई ग्रहण गर्नुहुन्छ, क्षमा दिनुहुन्छ, निर्दोष ठहऱ्याउनुहुन्छ जो पश्‍चाताप र विश्‍वास गरेर उहाँकहाँ आउँछ। अनि उहाँले त्यस पापीलाई आफ्नै पुत्र जस्तै प्रेम गर्नुहुन्छ र ऊ धर्मी भएको व्यक्तिलाई जस्तै उहाँलले व्यवहार गर्नुहुन्छ। यसरी नै विश्‍वासलाई धर्मी भनेर गनिएको हुन्छ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक १, पृ. ३६७बाट रूपान्तरित।

"जब पश्‍चाताप र विश्‍वासद्वारा येशू ख्रीष्टलाई हाम्रो मुक्तिदाता भनेर ग्रहण गर्छौं तब परमेश्‍वरले हाम्रा पापहरूलाई क्षमा दिनुहुन्छ र परमेश्‍वरको व्यवस्था उल्लङ्घन गर्दा पाउनुपर्ने दण्ड हटाइएको हुन्छ। परमेश्‍वरको सामु पापी निर्दोष भएर उभिन्छ; अनि परमेश्‍वर पिता र पुत्रको आत्माद्वारा स्वर्गमा उसलाई सङ्गतिमा सामेल गराएको हुन्छ।

"अनि अर्को काम पनि बाँकि नै हुन्छ र त्यो चाहीँ प्रगतिशील स्वभावको छ। पाप क्षमा भएको वा परमेश्‍वरको सामु निर्दोष ठहरिएको व्यक्ति सत्यद्वारा शुद्ध हुनुपर्दछ। यो पनि विश्‍वासैद्वारा प्राप्त हुन्छ र पूरा हुन्छ। विश्‍वासद्वारा हामीमा भएको ख्रीष्टको अनुग्रहलेमात्र चरित्र परिवर्तन हुनसक्छ वा उसको जीवनको नयाँ युगको सुरू हुनसक्छ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक ३, पृ. १९१बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **जीवित आस्था वा विश्‍वास र मुर्दा आस्था तथा विश्‍वासको बीचमा के भिन्नता छ? (हेर्नुहोस्, "१४ मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्‍वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्‍वासले त्यसलाई बचाउन सक्छ र? १५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्‍वास पनि काममा**

प्रकट हुँदैन भने त्यो विश्वास मृत हो। १८ तर कसैले भन्ला, “तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।” कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु। १९ तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्। २० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? याकूब २:१४-२०)। जीवित विश्वास अर्थात परमेश्वरप्रतिको आस्थालाई पावलले कसरी परिभाषित गर्दछ? हेर्नुहोस्, "तर अब अनन्तका परमेश्वरको आज्ञाअनुसार अगमवक्ताहरूका लेखाइद्वारा प्रकट गरिएको र जनाइएको छ, यस हेतुले कि सबै जातिहरूले विश्वास गरून् र आज्ञापालन गरून्" (रोमी १६:२६)। परमेश्वरमाथिको विश्वास वा आस्थालाई जगाई राख्न के मूल शब्द प्रकट गरिएको छ?

आ. कतिपय मानिसहरूले यो विवाद गरेको कसरी तपाईंले जवाफ दिनुहुन्छ (यो विवाद केही तर्कयुक्त छैन भन्न पनि मिल्दैन) कि यदि धार्मिकता हामीमाथि खनिएर मुक्ति पाउँछौं जुन हामी आफैमा भएको धार्मिकता होइन तब हामीले जे गरेतापनि वा जे काम गरेतापनि त्यसको केही मतलब छ र?

इ. "उहाँको प्रिय पुत्रद्वारामात्रै हामीलाई परमेश्वरले ग्रहण गर्नुहुन्छ, र यदि हामीले कुनै असल काम गर्छौं भने त्यो उहाँको पाप क्षमा दिने प्रेमले काम गरिएर वा घचेटिएर हो। तर हामीहरूको असल कामले हामी धर्मी ठहरिन गएको हुँदैन र हाम्रो मुक्तिको निम्ति त्यसमा सहभागि हुन हामीहरूको असल कामको दावी गर्नु बेकारको छ।...विश्वासीले आफ्नो असल काम वा धर्मकर्म परमेश्वरको सामु तेर्स्याएर मुक्तिको लागि दावी वा बिन्ति गर्न सक्दैन।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक ३, पृ. १९९बाट रूपान्तरित। एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको कथनलाई मनमा राखेर इसाई अनुभवमा असल कामले किन निर्णायक भूमिका खेल्न सक्दछ?

**सारांशः** पुरानो करार, नयाँ करारः व्यवस्था उल्लङ्घन गर्दा हामीले तिर्नुपर्ने ऋण येशूले तिरी दिनुभयो, जसले गर्दा हामी परमेश्वरको नजरमा धर्मी ठहरिएर उभिन सक्छौं।

# कथा १२
## बीउको शक्ति
## फ्लोरेन्सियो भाजक्वेज, ६१, मेक्सिको

फ्लोरन्सियो केवल चार वर्षको मात्र बालक थियो। मेक्सिको देशमा रहेको हजुरआमाको खेतबारीमा काम गर्दथ्यो। उसले धान, आभाकाडो, कोको सिमी र गुलाफका फूलहरू रोप्दथ्यो। उसले दुई जना काका र सात वर्षको छिमेकी  केटो आन्टोनियोलाई सहयोग गर्दै थियो। आन्टोनियो शनिबार काम नगरेको फ्लोरेन्सियोले महसुस गऱ्यो। आन्टोनियोले उसका काकाहरूसँग आएर शनिबार ज्याला नलिएको पनि थाहा पाएको थियो। आन्टोनियो शनिबारको घाम अस्ताएपछिमात्र आएको उसले देखेको थियो। एक दिन फ्लोरेन्सियोले शनिबारको दिन किन काममा नआएको भनेर सोध्यो। "मैले बाइबलमा पढेको थिएँ," आन्टोनियोले जवाफ दियो। "परमेश्वरले भन्नुभएको छ कि हामी शनिबार काम गर्नुहुन्न। यो दिन त उहाँको रे!" फ्लोरेन्सियोले आन्टोनियोको कुरालाई विश्वास गऱ्यो किनभने ऊ अरू केटाहरू जस्तै थिएन। ऊ मिलसनसार, दयालु, राम्रो मिजासको थियो र बाइबल पढ्थ्यो। उसका सबै साथीहरूमा आन्टोनियो सबभन्दा नजिकको थियो। केही दिनपछि कामबाट फुर्सद भएको बेलामा आन्टोनियोले फ्लोरेन्सियोलाई उसँग चर्च जाने हो कि भनेर सोध्यो। "तिमी मसँग चर्च आउँछौ?" दुवैजना गुलियो मकैको शर्बत पिउँदै गरेको बेलामा सोध्यो। "बालबालिकाहरूको निम्ति विशेष कार्यक्रम छ। हामी दुवैजना मिलेर बाइबल पढ्न सक्छौं। तिमीले नयाँ साथीहरू बनाउन सक्छौ।" "म पनि जान चाहन्छु" फ्लोरेन्सियोले जवाफ दियो। तर ऊ गएन। उसको हजुर आमा अर्कै चर्चकी थिइन् र उनले सेभेन्थ-डे एडभेन्टिस्टलाईहरूलाई मन पराएकी थिइनन्। शनिबार काम नगरेकोले एडभेन्टिस्टहरू अल्छी छन् भनेर उनले सोचेकी थिइन्। तर आन्टोनियोले केही दिनपछि आफूसँग चर्च आउन फ्लोरेन्सियोलाई भन्यो।  फ्लोरेन्सियो जान चाहेको थियो तर उसको हजुरआमाले जान दिएन। आन्टोनियोले फ्लोरेन्सियोलाई चर्चमा आउन अनुरोध गर्दै रह्यो। एक महिनापछि फ्लोरेन्सियोले मौका पायो। एक शनिबार बिहान हजुर आमा आभाकाडो र गुलाफको फूलहरू बेच्न बजारमा गएकी थिइन्। त्यसैबेला ऊ आन्टोनियोसँग चर्चमा गयो। उसलाई चर्च धेरै रमाइलो लाग्यो। मानिसहरू मिलनसार थिए। उसले बालसङ्गति विशेष गरेर मनपरायो।

जब ऊ घरफर्कियो, ढोकामा हजुरआमा पर्खिरहेकी थिइन्। "तँ कहाँ गइस्?" उनले सोधिन्। डराउँदै त्यस सानो बालकले जवाफ दियो "म

आन्टोनियोसँग एडभेन्टिस्ट चर्चमा गएको थिएँ।" हजुरआमा रिसले आँखै देखिन। "त्यो चर्चलाई मलाई मन पर्दैन। त्यहाँ नजाऊ। यदि तिमी त्यस चर्चमा गएन भने म तिमीलाई जाँड किन्दिन्छु।" तर फ्लोरेन्सियो शनिबार साथीसँग चर्च गइरह्यो। जब हजुरआमा खेतबारीको सामान बेच्न बजार जान्थी तब ऊ चर्चमा जान्थ्यो। हजुरआमा फर्किनुभन्दा अघि ऊ घर फर्कन्थ्यो। दिई वर्षसम्म यसरी नै चलिरहृयो। तब आन्टोनियो आफ्नो परिवारसँग अर्कै सहरमा सऱ्यो। साथी नभएकोले फ्लोरेन्सियो चर्च जान छोड्यो। उसले नराम्रो साथीहरूको सङ्गतमा लाग्न थालेकोले नराम्रो बानीहरू सिक्न थाल्यो। ऊ ९ वर्ष हुँदा धेरै जाँड खान थालेको थियो। उसको हजुरआमाले रोकेन। अनि जाँड खाने बानीले गाँजा र कोकेन लागुपदार्थहरू पनि खान थाल्यो।

तर हजुरआमाको खेतबारीमा काम गरिरहेको बेलामा आन्टोनियोले फ्लोरेन्सियोको मनमा परमेश्वरको बीउ रोपेको मरेको थिएन। धेरै वर्षसम्म कुलतमा लागेर सङ्घर्ष गरिरहेको बेलामा परमेश्वरसँग रोएर प्रार्थना गऱ्यो, "प्रभु मलाई सहायता गर्नुहोस्। मलाई निको पार्नुहोस्।" त्यही प्रार्थना उसले एक वर्षसम्म गरिरहृयो। तब एक दिन अचानक, जाँडरक्सी पिउने, चुरोट पिउने र अरू लागुपदार्थहरू खाने चाहना उसको मनबाट बिलाएर गयो। ४५ वर्षको उमेरमा ऊ कुलतबाट मुक्त भएको थियो। उसको प्रार्थना परमेश्वरले सुन्नुभएकोले ऊ धेरै खुशी भयो। उसले आफ्नो हृदयलाई येशूलाई दियो र सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएर त्यही चर्चमा जान थाल्यो।

आफू चार वर्षको हुँदा आन्टोनियोले के भनेको थियो त्यसले गर्दा आफू एडभेन्टिस्ट भएको उसले यस लेखकलाई सुनायोः एडभेन्टिस्ट चर्चले बाइब अनुसार चल्छ र तिनीहरूले परमेश्वरको सबै दश आज्ञाहरू पालन गर्छन् त्यसमा साबथ पनि। आज फ्लोरेन्सियो ६१ वर्षको हुनुभएको छ र उसको जीवनमा मादकपदार्थ र लागुपदार्थबाट परमेश्वरले कसरी छोडाउनुभयो सो सुनाउन मन पराउँछन्। उनको व्यक्तिगत गवाहीले २० जना मानिसहरूले येशूलाई ग्रहण गरेका छन् र उनीसँग बाइबल अध्ययन गरिरहेकाछन्।

"हामीसँग शक्तिशाली परमेश्वर हुनुहुन्छ," फ्लोरेन्सियोले भने। "उहाँको शक्तिलाई हामीले वर्णन गर्न सक्दैनौं। तर उहाँको शक्तिले मेरो जीवन परिवर्तन भएको छ।"

**प्रस्तोता-आन्ड्र्यु मेक्चेस्नी**